Cellroti






# रोमान्स र रोमाञ्च बिनाको जीवन निरस हुन्छ : बसन्त चौधरी,गीतकार

Posted on Mar 30th 2011 - 9:51 am NST by cellroti



चौधरी गुरप अफ कम्पनीज्का हस्ती हुन् बसन्त चौधरी। पारसमणि जस्तो चौधरी गुरपले जहाँ जहाँ हात हालेको छ त्यहाँबाट सुन निकालेको छ। यस्ता पारसमणि क्षमताका एक सशक्त नेतृत्वकर्ता हुन् बसन्त चौधरी। तर यतिमा मात्र उनको परिचय खुम्च्याउनु उनी माथि अन्याय हुन जान्छ। चौधरी गुरपको मालिक हुनुका अलावा उनको परिचय गीतकारको रुपमा पनि उत्तिकै सशक्त छ जति चौधरीका उद्योगको नेपाली अर्थतन्त्रमा। 'माया बल्झेछ ' नामको एल्बममा समाहित उनीद्वारा लिखित 'गरुँ कि मिठो भूल' नेपाली रोमान्टिक गीतको पर्याय मानिन्छ। उनले आफ्नो सांगीतिक जीवन 'रेड पर्ल' नामक समूहमा गायकको रुपमा शुरु गरेका हुन् तर उनलाई आजभोलि नेपाली संगीतमा गीतकारको रुपमा चिनिन्छ। यस अघि **माया बल्झेछ,तिमो नाममा** र **रिफ्लेक्सन अफ लभ** नामका एल्बम निकालेको चौधरी चौथो एल्बम ल्याउने सुरसार गर्दैछन्। **वन्ली लभ** नाम दिइएको सो एल्बम रिलिजको संघारमा छ। नेपाली संगीतमा उनको रुची र संलग्नता बारे सेलरोटीले बसन्त चौधरीसँग केही जिज्ञाषाहरु राखेको थियो। सेलरोटी र बसन्त चौधरीका बिचमा भएका कुराकानीका मुख्य अंशहरु :

**ब्यापारिक परिवारबाट आउनु भएको मान्छे संगीत तर्फ कसरी लाग्नु भयो?**

संगीतले कसरी र कहिले तान्यो ठ्याक्कै थाहा छैन तर रुची स्कूल पढ्दाताकै देखि हो। हामी सानोमा आदर्श बहुउद्धेश्यीय विद्यालय सानो ठिमीमा पढ्थ्यौं। त्यतिबेला देखि नै नारायण गोपालका गीतहरु समूहमा वा एक्ला एक्लैं पनि गाउँथ्यौं। यहींबाट संगीतको चस्का पसेको हो भन्ने लाग्छ।

**तपाईंहरुको त आफ्नै सांगीतिक समूह पनि थियो नी हैन?**

हाम्रोमा पाँच सात जना संगीतानुरागीको समूह थियो। यो समूहमा सुरेश लाल श्रेष्ठ,सञ्जीव,रोमी तुलाधर,पुरुषोत्तम घिमिरे,बिजयमान ताम्राकार आदि थियौं। सबै संगीतप्रति हुरुक्क। एकदिन यसरी एक्लाएक्लै भौतारिनु भन्दा ब्यान्ड बनाउँ भन्ने सल्लाह भयो र हामीले रेड पर्ल नामको ब्यान्ड खोल्यौं। सबै जना पढाईमा वा अन्य काममा व्यस्त हुन्थ्यौं। त्यही भएर बिहान बेलुका अभ्यास गर्थ्यौं**।**

**ब्यान्डमा तपाईंको भूमिका के थियो?**

म भोकलिस्ट थिएँ। तर मलाई सम्झना भए अनुसार हामीले त्यति धैरै परफर्मेन्सहरु दिन नपाउँदै हाम्रो समूह निष्त्रिकय भईहाल्यो।

तपाईंले सांगीतिक यात्रा गायकबाट शुरु गर्नु भएको थियो तर कतिबेला तपाई रचनाकारमा कहिले परिणत हुनुभयो?

जतिबेला हाम्रो समूह थियो त्यतिबेला मेरो भूमिका भोकलिस्टको भएपनि म गीत पनि लेख्थें। तर कुन स्तरको लेख्थें त्यो चाहिं थाहा थिएन। पछि समूह छुटेपनि गीत लेख्ने मेरो आदत भनें जारी रहृयो। पछि दिपक जंगमले राम्रा छन् भन्ने प्रतिक्रिया दिएपछि हो रहेछ भन्ने लाग्यो।

**दिपक जङ्गमको प्रसङ्ग आयो,तपाईंको पहिलो एल्बम उहाँकै संगीतमा तयार भएको थियो,संयोग कसरी जुर्यो अलि बिस्तृत रुपमा बताईदिनुस्न?**

२०५३ सालमा हामीले बुबा आमाको नाममा साहित्य कला मन्दिर भन्ने संस्था खोलेका थियौं। दिपक जङ्गम संस्थाको सदस्य हुनुहुन्थ्यो। मैंले उहाँलाई प्रतिक्रियाका लागि मेरो डायरी देखाएँ। उहाँले राम्रा गीत छन् भन्ने प्रतिक्रिया दिएपछि दिपक जङ्गम,दिपक खरेल सबै मिलेर माया बल्झेछ नामको एल्बम तयार भयो।

**गीत रेकर्ड गराउन पहिला प्रयास गर्नु भएको थिएन?**

यसलाई प्रयास भन्ने कि नभन्ने तर मैंले आफ्ना केही गीतहरु गोपाल योञ्जनलाई पनि छाडिदिएको थिएँ। उहाँले पनि राम्रै छन् भन्ने प्रतिक्रिया दिनु भएको थियो। तर कसो कसो काम गर्न भनें पाइएन।

**अहिले उहाँसँग काम गर्न नपाएकोमा कत्तिको पछुतो लाग्छ?**

पछुतो नै त छैन। हुन नसकेको कुरामा पछुतो मानेर केही फाइदा पनि छैन। तर जोसँग काम गरें र गरिरहेको छु,उहाँहरु पनि आफ्नो ठाउँमा कम हुनुहुन्न।

**तपाईंको गीत लेखनको प्रेरणा के हो?**

साँच्चि भनुँ भनें मेरो परिवार सांगीतिक परिवार हैन। त्यहाँ सबैर न त सरगम गुञ्जन्थ्यो न त वाद्यवादनको झन्कार। तर कसरी कसरी गीत लेखनमा लागें यो सम्झँदा म आफैं पनि अचम्ममा पर्छु।

**तपाईंका धेरै जसो गीतमा प्रेमरसको मात्रा पाइन्छ,विशेष केही कारण छ कि?**

विशेषकारण केही पनि छैन। प्रेम मेरो लागि एउटा शाश्वत सत्य हो र यसको कुनै परिधी हुनु हुँदैन भन्ने लाग्छ। भएन रोमान्स रोमाञ्च बिनाको जीवन अति निरस हुन्छ ।

**तपाईंले लेखिसकेपछि सबैभन्दा पहिला कसलाई देखाउनु हुन्छ?**

सबैभन्दा पहिला त आफैंलाई देखाउँछु। आफूलाई चित्त बुझ्यो भनें छोरी मेघा चौधरीसँग पनि प्रतिक्रिया लिन्छु। अहिले



DIGITAINMENT

ADVERTISE WITH US

ज्वाईं पारस शाक्य जो अन्तिम ग्रहण नामक ब्यान्डको मेम्बर हुनुहुन्छ उहाँलाई पनि देखाउँछु।

**दुई वर्ष पछि पुन : नयाँ एल्बम लिएर आउँदै हुनुहुन्छ, के विशेष छ यो एल्बममा?**

मेरो हिसाबले यो एल्बममा मेरो सम्पूर्ण उर्जा लगाएको छु। यत्तिको एकाग्रता अरु कुनै काममा लगाएको थिइन। वन्ली लभ प्राविधिक रुपले पनि उत्कृष्ट एल्बम हो। एल्बम निर्माणमा कुनै पनि कमी नहोस् भनेर सम्पूर्ण काम बम्बईमा लगेर गरिएको छ। सबैभन्दा ठूलो कुरा एल्बमका सम्पूर्ण गीतमा लाइभ इन्स्ट्रुमेन्टको प्रयोग गरिएको छ। त्यसैगरि एल्बमका तीनवटा गीत पनि बम्बईमा रेकर्ड गराएका छौं। यस पटक पनि एल्बमका सम्पूर्ण गीतमा न्ह्यू बज्राचार्यको संगीत रहेको छ।

**क कसको स्वर समेट्नु भएको छ?**

एल्बममा जम्मा ११वटा गीत समेटेका छौं। जसमा श्रेया घोषाल,कैलास खेर,शिव परियार,रामकृष्ण ढकाल,हेमन्त राना,श्रेया सोताङ्ग,सिने गुरुङ्ग,रिमा गुरुङ्ग,योगेश्वर अमात्य,निलञ्जना भट्टाचार्य आदिको स्वर सुन्न सकिन्छ।

**एल्बमका कुन गीतबाट आशावादी हुनुहुन्छ?**

हामी चार वटा गीत प्रति आशावादी छौं। जसमा शिव परियारको स्वरमा सजिएको'खुल्लम खुल्ला',श्रेया घोषालको स्वर रहेको 'छाएछ बसन्त',कैलास खेरको'बोल्नै पर्छ भन्ने के छ र? र योगेश्वर अमात्यको स्वरमा सजिएको 'तिम्रो आँखा'बाट हामी धेरै आशावादी छौं।

**अहिले त सुन्ने भन्दा पनि हेर्ने गीतको जमाना छ,म्यूजिक भिडियो पनि बनाउँदै हुनुहुन्छ हो**ला?

निश्चय नै। मलाई रिफ्लेक्सन अफ लभ निकाल्दा देखिनै अब हेर्ने गीतका दिन आएछन् भन्ने लागेको थियो त्यही भएर हामीले त्यो एल्बमका धेरै गीतको म्यूजिक भिडियो बनाएका थियौं। यो एल्बममा पनि त्यो क्रम जारी रहनेछ। कैलास खेरको स्वरमा सजिएको गीतको भिडियो प्रशन्न पौडेलको निर्देशनमा तयार हुँदैछ। अरुको पनि योजना बनाउँदैछौं।

**चौधरी गुरपले मनोरञ्जन उद्योगमा पनि हात हाल्दैछ भन्ने चर्चा छ,यसका बारेमा प्रष्ट्याईदिनुस् न?**

तपाईंले सुनेको कुरा साँचो हो। चौधरी धेरै उत्पादकमूलक क्षेत्रमा हात हाल्यो। शिक्षा क्षेत्रमा यसको लगानी छ। अब मनोरञ्जन उद्योगमा पनि चौधरी गुरपले लगानी गर्दैछ।

**यस्तो लगानी भित्र के के पर्छन्?**

मनोरञ्जन उद्योग भित्र पर्ने सबै क्षेत्रमा यसले लगानी गर्ने योजना छ। यसमा म्यूजिक कम्पनी,फिल्म निर्माण कम्पनी लगायतका यावत् गतिविधी पर्छन्। 'वन्ली लभ'सिजि इन्टरटेनमेन्टको पहिलो प्रस्तुति हुनेछ।

-By samipyaraj Timalsena

**Average:**

Your rating: None

Share

## Comments

### Post new comment

**Your name:** *

Anonymous

**E-mail:** *

The content of this field is kept private and will not be shown publicly.

**Homepage:**

**Comment:** *

By submitting this form, you accept the Mollom privacy policy.

Save Preview

Copyright © 2010, Digitainment Pvt. Ltd. All Rights Reserved.
Designed and Developed by Young Innovations Pvt. Ltd.